हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

बैठक नं. २१

आज मिति २०८० जेठ महिनाको ८ गते सोमबारका दिन देवचुली नगरपालिकाका नगर प्रमुख श्री हरि प्रसाद न्यौपानेज्यूको अध्यक्षतामा २१ औ कार्यपालिका बैठक् बस्यो ।
बिहान: ८:०० बजे

उपस्थिती

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १। | हरिप्रसाद न्यौपाने | नगर प्रमुख | |
| २। | पार्वता तिवारी | नगर उपप्रमुख | |
| ३। | तिलप्रसाद काफ्ले | नगर प्रवक्ता एवम् वडा अध्यक्ष | |
| ४। | कृष्ण बहादुर के.सी. | वडा अध्यक्ष | |
| ५। | शरद प्रसाद घिमिरे | वडा अध्यक्ष | |
| ६। | होमनाथ पौडेल | वडा अध्यक्ष | |
| ७। | गिर बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | |
| ८। | कृष्ण प्रसाद सापकोटा | वडा अध्यक्ष | |
| ९। | मिन बहादुर सोती मगर | वडा अध्यक्ष | |
| १०। | भुमिसरा आले | वडा अध्यक्ष | |
| ११। | नुन प्रसाद बाचे | वडा अध्यक्ष | |
| १२। | बलिराम सापकोटा | वडा अध्यक्ष | |
| १३। | रेप्ती कुमार घर्ती | वडा अध्यक्ष | |
| १४। | लोक प्रसाद भर्तेल | वडा अध्यक्ष | |
| १५। | एकदेव पौडेल | वडा अध्यक्ष | |
| १६। | गोपाल थापा | वडा अध्यक्ष | |
| १७। | सुरेश कुमार रानाभाट | वडा अध्यक्ष | |
| १८। | केशवराज गौतम | वडा अध्यक्ष | |
| १९। | गणेश शर्मा चालिसे | वडा अध्यक्ष | |
| २०। | गोमादेवी पौडेल | कार्यपालिका सदस्य | |
| २१। | मधुमाया गुरुङ्ग | कार्यपालिका सदस्य | |
| २२। | फुलमाया वि.क. | कार्यपालिका सदस्य | |
| २३। | पार्वती कडेल | कार्यपालिका सदस्य | |
| २४। | जानकी देवी गुरौ (लामिछाने) | कार्यपालिका सदस्य | |
| २५। | विद्या बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २६। | जय बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २७। | गीता देवी बोटे | कार्यपालिका सदस्य | |
| २८। | मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकिय अधिकृत | |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्सेनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

गोकर्ण प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

## २१ औं कार्यपालिका बैठक/२०८० जेठ ८ गते

छलफलका विषय

१। ट्रमा सेन्टरको लागि जग्गा प्राप्तीको प्रकृया अगाडी बढाउने सम्वन्धमा,
२। नगरसभाको मिति तोक्ने सम्वन्धमा,
३। विविध

क. मध्यवर्ती क्षेत्रको गिटी बालुवा राजमार्ग भन्दा उत्तर तर्फ पनि प्रयोग गर्ने सम्बन्धमा,
ख. बौलाहाखोलाको ढुङ्गा निकासी/विक्री ठेक्का सम्झौता अनुमोदन सम्वन्धमा,
ग. भुमिहीन दलित, भुमिहन सुकुम्वासी तथा अव्यवस्थित वसोबासीको जग्गा नापजाचलाई थप सहजीकरण गर्ने सम्वन्धमा,

देवचुली नगरपालिकाको एक्काइसौ कार्यपालिका बैठकबाट देहायका निर्णयहरु गरियो ।

१। बीसौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। आ.व.२०७९/०८० को बजेट वक्तव्यको बुँदा नं. १४४ मा उल्लेख भए अनुसार नवलपरासी पुर्वको देवचुलीमा ट्रमा सेन्टर स्थापना गर्ने सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभागको संयुक्त निरीक्षण टोलीद्वारा पेश भएको प्रतिवेदनको निष्कर्षमा उल्लेख भएको मध्ये ट्रमा सेन्टर निर्माण गर्न सम्भाव्य देखिएको झरहीखोला किनारामा रहेको २७.४५ हेक्टर क्षेत्रफल रहेको जग्गा वन क्षेत्रमा पर्ने नपर्ने एकिन गरी ट्रमा सेन्टर निर्माणका लागि जग्गा प्राप्तीको प्रक्रिया अगाडी बढाउन भनी स्वास्थ्य सचिव स्तरीय निर्णय (मिति २०८०/२/३) बाट लेखि आएको हुनाले देवचुली नगरपालिका वडा नं. १७ स्थित झराही खोला किनारमा रहेको झराही वृक्षारोपण सामुदायिक वन उपभोक्ता समुहको नाममा रहेको जग्गा ट्रमा सेन्टर स्थापनाका लागि उपलब्ध गराउन जग्गा प्राप्तीको आवश्यक प्रकृया अगाडी बढाइदिन जिल्ला प्रशासन कार्यालय र डिभिजन वन कार्यालय नवलपरासी (ब.सु.पु.)लाई अनुरोध गर्ने ।

३। निर्णय नं. २ बमोजिम ट्रमा सेन्टर स्थापनाका लागि समयमै जग्गा उपलब्ध हुन नसकेमा देवचुली नगर अस्पताल रहेको स्थान दुम्कौलीमा करीव १ विगाहा ५ कठ्ठा जग्गा रहेको र हाल १५ शैयाको नगर अस्पतालको नयाँ भवन निर्माणाधिन अवस्थामा समेत रहेकोले सोही अस्पताल भवनमा नै तला थप गरी सोही अस्पतालबाटै ट्रमा सेन्टर संचालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने,

४। देवचुली नगरपालिकाको दोश्रो सभाको तेश्रो अधिवेशन (वजेट सभा) मिति २०८० असार ८ गते शुक्रबारका दिन विहान ११ बजे नगरपालिकाको सभाहलमा वस्ने गरी मिति तोक्ने । सभामा पेश गर्ने कार्यसुची यस प्रकार रहनेछ ।

- आर्थिक बर्ष २०८०/०८१ को नीति, कार्यक्रम र वजेट,
- विनियोजन ऐन, २०८०, आर्थिक ऐन, २०८० ,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

गोकर्ण प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Scanned with CamScanner

गोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रगतिनगर, नवलपरासी (ब.सु.पु.) गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

- नगरपालिकाको राजश्व सम्बन्धी ऐन, २०८०,
- अन्य विविध विषय,

५। विविध

क. देबचुली नगरपालिकाको पुर्व पश्चिम राजमार्ग भन्दा दक्षिण तर्फको भाग चितवन राष्ट्रिय निकुञ्जको मध्यबर्ती क्षेत्रमा पर्ने र नगरपालिका भित्रका खोलानालाले बगाएर ल्याएको नदीजन्य पदार्थ सोही राजमार्ग भन्दा तल गएर थेग्रीएर बस्ने र राष्ट्रिय निकुञ्ज अन्तर्गतको मध्यबर्ती क्षेत्रले उत्त नदीजन्य पदार्थको नियमानुसार राजश्व लिई विक्री/निकासी गर्ने गरेको र उक्त नदीजन्य पदार्थ नगरपालिकाको राजमार्ग भन्दा उत्तर तर्फको क्षेत्रमा लैजान नदिएकाले नगरपालिकाको विकास निर्माणमा असर परेको हुदा नियमानुसार राजश्व तिरी किनेको नदिजन्य पदार्थ राजमार्ग उत्तरका क्षेत्रमा समेत लगेर प्रयोग गर्न सम्वन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पु) तथा चितवन राष्ट्रिय निकुन्जलाई गराउने ।

ख. देबचुली नगरपालिकाको बौलाहा खोलाको रामबास र लक्ष्मीपुर खण्डको ढुङ्गा गिटी उत्खनन गरी निकासी गर्ने सन्दर्भमा विद्युतीय बोलपत्र आव्हान भएकोमा बोलपत्र सुचना अनुसार युनिक निर्माण सेवा पुतलीबजार नगरपालिका वडा नं. १३ ले मु.अ.कर बाहेक रु. ६३४७६२८१३ कबोल गरेको र सोही कबोल अंकका आधारमा कार्यालयबाट मिति २०८० जेठ ८ गते ठेक्का सम्झौता भएकोले उक्त सम्झौतालाई अनुमोदन गर्ने । साथै प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार तोकिएको परिमाणमा मात्र उत्खनन तथा निकासी गर्ने बातावरण मिलाउन नगरपालिकाका सबै जनप्रतिनिधीले सक्रिय भुमिका निर्वाह गर्ने र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार नियन्त्रित हिसावले उत्खननका लागि मेशीन प्रयोग गर्न दिने ।

ग. भुमिहीन दलित, भुमिहन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाचलाई थप सहजीकरण गर्ने सम्बन्धमा आवश्यक पर्ने जनशक्ति, मेशीनहरुको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने ।

घ. देबचुली नगरपालिका नगर कार्यपालिकाको मिति २०७९ माघ २२ को निर्णय अनुसार प्रारम्भिक बातावरणीय प्रतिवेदन स्वीकृत गरी देवचुली न.पा वडा नं १२ मुक्ती क्षेत्र (साविक प्रगति नगर ८ ख) टोलमा बम बहादुर काफ्ले, टिकीसरा काफ्ले, निममाया क्षेत्री/सिर्जना अधिकारी, चित्र बहादुर काफ्ले, सागर काफ्ले, कृष्णा ढकाल, तिलप्रसाद काफ्ले/हिमलाल काफ्लेको नाममा दर्ता कायम रहेको कित्ता नं. ११६८, ११७४, ११७३, ११६७, ११६९, ११८६, ११८७, ११८५ र २६७ को निजी जग्गा बाट खनिजजन्य पदार्थको (माटो, ढुंगा) दिगो तथा वातावारणमैत्री रुपले उत्खनन संकलन गरी विक्री गर्न प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत गरी उत्खनन् तथा विक्रीका लागि कार्यालयबाट कार्यादेश दिइएकोमा जग्गावालाले प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार तोकिएका परिमाणमा माटो उत्खनन गर्न नदिएको हुँदा हालसम्म उत्खनन् भएको माटोको परिमाण एकिन गरी सोको राजश्व लिई खानी संचालन अनुमति रद्ध गर्ने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

गोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner